नेचासल्यान गाउँपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

नेचावेतघारी, सोलुखुम्बु ।

नेचासल्यान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नेचावेतघारी, सोलुखुम्बु १ नं. प्रदेश नेपाल

# सिलबन्दी दरभाउ पत्र

(कृषि यान्त्रिकरण मिनिटिलर खरिद सम्बन्धी दरभाउपत्र )

आर्थिक बर्ष: २०७८।०७९

| दरभाउपत्र फारम नं.:- |
|---|

फर्म वा कम्पनीको नाम

श्री.......................................................................................

ठेगाना:..............................................................................................................

फोन. /मोवाईल नं:..................................................................................................

मिति:..............................................................................................



२०७८।१२।२

लखुम राई
प्रमुख प्रशासकीय अधिकृत

# नेचासल्यान गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## नेचावेतघारी,सोलुखुम्बु

### मिनिटिलर खरिद सम्वन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८।१२।२०

यस कार्यालयबाट आ.व. २०७८/०७९ मा स्वीकृत मिनिटिलर खरिद तथा वितरण (५० प्रतिशत) अनुदान कार्यान्वयनको लागि कृषि यान्त्रिकरण (मिनिटिलर) खरिद गर्नको लागि शिलबन्दी दरभाउपत्र आव्हान गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) औं दिनको कार्यालय समय भित्र कार्यालय मै उपस्थित भई वा यस गाउँपालिकाको राष्ट्रिय वाणिज्य बैंक नेचासल्यान शाखामा रहेको सञ्चित कोष खाता नं. २५२०१००३०१०२०००२ मा दरभाउपत्र फाराम दस्तुर रु.१,०००।- (एक हजार रुपैया मात्र) तिरी दरभाउपत्र दाता वा निजको अधिकृत प्रतिनिधिले दरभाउपत्र खरिद गर्नका लागि आ.व. २०७८/०७९ का लागि नविकरण गरिएको कृषि सामग्री उत्पादक/सप्लायर्स/फर्म कम्पनीहरुले कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, व्यवसायी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मु.अ.कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गरी दरभाउपत्र खरिद गर्न यस कार्यालयमा निवेदन पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

- सुचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयसम्म दरभाउपत्र फाराम बिक्री वितरण हुनेछ । १६ औं दिनको १२:०० बजे सम्म दरभाउपत्र दाताहरुले दरभाउपत्र फाराम खाममा शिलबन्दी गरी पेश गर्नु पर्नेछ र सोही दिनको ४:०० बजे दर्ता भएका दरभाउपत्रहरु कार्यालय प्रतिनिधि र दरभाउपत्रदाताहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
- दरभाउपत्र विक्रि गर्ने अन्तिम दिन, दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा उक्त कार्यहरु भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
- एक फर्मको नाममा खरिद गरेको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।
- दरभाउपत्र दर्ता गर्दा प्रोपाइटर वा आधिकारिक प्रतिनिधिले सहीछाप गरेको र सिलबन्दी भएको हुनुपर्नेछ ।
- दरभाउपत्रसाथ आपुर्ती गरिने सामाग्रीहरको उत्पादक कम्पनीले तयार गरेको स्पेसिफिकेसन सहितको क्याटलक समेत (संभव भए) पेश गर्नुपर्नेछ ।
- दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनुपर्नेछ ।
- दरभाउपत्र जमानत वापतको रकम वोलकवोल अंकको २.५ प्रतिशतमा नघटाई राष्ट्रिय बाणीज्य बैक शाखा कार्यालय नेचाबिहिबारे स्थित नेचासल्यान गाउँपालिकाको नाममा रहेको एकल धरोटी कोष खाता नं. **२५२०१००३०३००००२** मा जम्मा गरेको सक्कलै वैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ९० दिनको (दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट) मान्य अबधि भएको बैक जमानत पत्र पेश गर्नु पर्ने छ ।
- दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व. २०७८/०७९ को लागि भएकोले आषाढ मसान्तसम्म हुने कुनै प्रकारको मूल्य वृद्धिलाई स्वीकार गरिने छैन ।दरभाउपत्रमा माग गरिएको परिमाण थपघट गर्ने, दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृती (**मनासिब कारण भएमा**) सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।
- खरिद गरिने सम्पूर्ण मिनिटिलर यस कार्यालय रहेको स्थान नेचा सल्यान गाउँपालिका वडा नं. ३ सम्म आपूर्तिकर्ताले नै ढुवानी लोड तथा अनलोड गर्नु पर्ने छ । यस बापत छुट्टै भाडा भूक्तानी हुने छैन ।
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वयंले घोषणा गरेको पत्र पेश गर्नुपर्नेछ । यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ चौथो संशोधन तथा प्रचलित ऐन, नियम र कानुन अनुसार हुनेछ ।

## दरभाउ पत्रदातालाई निर्देशनः

- दरभाउपत्र दाताले आ.व. ०७८।०७९ को लागि नविकरण गरेको कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी दरभाउ पत्र साथ पेश गर्नुपर्नेछ। उपयुक्त उल्लेखित कागजातहरु पेश नगरेको दरभाउपत्रदाताहरुको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।
- दरभाउ पत्र पेश गर्दा लाग्ने सम्पूर्ण खर्च दरभाउ पत्र दाता आफैंले व्यहोर्नु पर्ने छ ।



लबुन राई
प्रमुख प्रशासकीय अधिकृत
२०७८।१२।२०

- दरभाउ पत्र दाताले कबोल गरेको रकमबाट यस कार्यालयको स्टोर शाखामा उक्त सामाग्रीहरु बुझाउनुपर्नेछ ।
- प्राप्त हुन आएका दरभाउपत्र प्रतिस्पर्धाको आधारमा स्वीकार गर्ने अथवा पूर्णरुपमा रद्ध गर्ने अधिकार यस कार्यालयमा रहने छ ।
- टुटफुट भएका तथा प्राविधिक समस्या भएका सामग्रीहरु कुनै हालतमा बुझिलिने छैन । दरभाउपत्र दाताले दरभाउपत्र फारामको प्रत्येक पानामा फर्म वा कम्पनीको छाप समेत अनिवार्य रुपमा लगाउनुपर्ने छ र दस्तखत समेत गरेको हुनुपर्ने छ ।
- दरभाउपत्र दाताले आफूले पेश गरेको दरभाउपत्रको सिलबन्दी खाम बाहिर दरभाउ पत्र खरिद गरेको कार्यालयको नाम तथा सामग्री सम्बन्धी दरभाउपत्र भनी उल्लेख गर्नुपर्ने छ । साथै उक्त शिलबन्दी खाम बाहिर स्पष्ट रुपमा दरभाउपत्र दाताले आफ्नो नाम र ठेगाना समेत उल्लेख गरी पेश गर्नुपर्ने छ ।
- काबु बाहिरको परिस्थिति बाहेक तोकिएको समयमा काम सम्पन्न हुन नसकेमा र यस्तो कारण परी समयमा काम सम्पन्न हुन नसक्ने भनी स्वीकृत दरभाउपत्र दाताले आफूले सप्लाई गर्ने सामानको Work Plan तथा Progress report समेत संलग्न गरी लिखित रुपमा अनुरोध गरेमा तथा उक्त व्यहोरा कार्यालयलाई मनासिब लागेमा नियमानुसार सम्झौताको म्याद बढाउन सक्नेछ तर समाप्त हुनु अगावै स्वीकृत दरभाउपत्र दाता उपर पर्न गएको क्षतीको हकमा यो कार्यालय जिम्मेवार हुने छैन ।
- सम्झौता बमोजिम काम सुरु नगरेमा वा काम सुरु गरी वीचमा छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सम्झौता तोड्न सकिने छ । सम्झौता म्याद भित्र यस कार्यालयले तोकेको स्टोरमा सामग्री दाखिला गर्न नसकेको खण्डमा प्रचलित आर्थिक नियमानुसार कारबाही हुनेछ ।
- दरभाउ पत्र दाताले कबोल गरेको दररेट अंक/अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । कतै केरमेट वा थपघट गर्नेपर्ने भएमा वा टिपेक्स लगाउनु पर्ने भए वा केरमेट वा थपघट गरेको अंक/अक्षर बुझिने गरी उल्लेख गरी काटिएको, थपिएको वा टिपेक्स लगाएको ठाउँमा दायाँबायाँ आधिकारिक व्यक्तिको हस्ताक्षर र फर्मको छाप समेत लगाएको हुनुपर्नेछ ।
- दरभाउपत्रदाताले दरभाउ पत्र फाराममा उल्लेखित शर्तको पूर्णपालना गर्नुपर्नेछ र उपलब्ध गराउन भनिएको विवरण अनिवार्य पेश गर्नुपर्नेछ ।
- दरभाउपत्रमा उल्लेख भएको परिमाण तथा सामग्रीको अर्डर गर्दाको समयमा जिल्लाको आवश्यकता अनुसार थपघट हुन सक्नेछ र दरभाउपत्र दाताले दरभाउपत्रमा कबोल गरेको रकम भित्रबाट पेश गरेको दररेटमा उपलब्ध गराउनुपर्ने छ ।
- अन्य कुराहरु प्रचलित कानुन अनुसार लागुहुनेछ ।
- सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेख भए अनुसार हुने छ रित नपुगेको दरभाउ पत्र उपर कुनै कारबाही गरिने छैन ।
- अन्य कुराहरु नेपाल सरकारको प्रचलित नियम अनुसार हुनेछ ।

## प्राविधिक मूल्यांकनका पक्षहरुको सारांश

(दरभाउपत्रदाताहरुले अनिवार्य रुपमा भर्नु पर्ने)

१. कम्पनी दर्ता, फर्म दर्ता प्रमाणपत्र संलग्न भएको/नभएको ? र आ.व. ०७८/७९ को लागि नविकरण भएको/नभएको ? (उल्लेख गर्ने) ......................................

जारी मिति तथा नविकरण गरिएको अवधि : (उल्लेख गर्ने) ......................................

नेचासल्यान गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नेचाबेतघारी, सोलुखुम्बु १ नं. प्रदेश नेपाल

२०७८।१२।२०

प्रमुख प्रशासकीय अधिकृत

२. उल्लिखित सामाग्री सप्लायर्स वा उत्पादक दर्ता प्रमाणपत्र संलग्न भएको/नभएको ? (उल्लेख गर्ने),

.........................................................................................

जारी मिति तथा नविकरण गरिएको अवधि : (उल्लेख गर्ने)

.........................................................................................

३. भ्याट तथा आयकर दर्ता प्रमाणपत्र संलग्न भएको/नभएको ? (उल्लेख गर्ने)................

जारी मिति तथा नविकरण गरिएको अवधि : (उल्लेख गर्ने) ........................................

४. स्पेशिफिकेशन माग बमोजिम सामानहरु उपलब्ध गराउन सक्ने/नसक्ने ? (उल्लेख गर्ने)

.....................................

५. Delivery Period दरभाउपत्र माग गरिए वमोजिम मन्जुर छ/छैन ?

.................................................

६. दररेट पेश गरेको सामानको क्याटलग पेश गरेको छ/छैन ?

.............................................................

माथि उल्लेखित कागजातहरु सिलबन्दी दरभाउपत्रसाथ संलग्न राखेको हुनुपर्नेछ ।

२०८२/६/२०

लवुन राई
प्रमुख प्रशासकीय अधिकृत

# आर्थिक-प्रस्तावना

१. यस कार्यालयको धरौटी खातामा सूचनामा उल्लेख भए बमोजिमको दरभाउपत्र पत्र दाताले कबोल रकमको २.५% (दुई दशमलव पाँच प्रतिशत) ले हुने रकम राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय नेचाविहिबारे स्थित नेचासल्यान गाउँपालिकाको कार्यालयको नाममा रहेको एकल धरौटी कोष खाता नं. २५२०१००३०३००००२ **धरौटी** खातामा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा ९० दिन म्याद भएको (दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति देखि) मान्यता प्राप्त बाणिज्य बैंकको बैंक विडवन्ड दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

२. दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले ७ दिन भित्र स्वीकृत दरभाउपत्रदाताले स्वीकृत रकमको ५% को हिसावले हुने जमानत रकम सम्झौता गर्नु अगावै राष्ट्रिय बाणिज्य बैंक शाखा स्थित नेचासल्यान गाउँपालिका कार्यालयको नाममा रहेको एकल धरोटी कोष खाता नं. २५२०१००३०३००००२ धरौटी खातामा दाखिला गर्नुपर्ने वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको परफरमेन्स वण्ड (सप्लाई गर्ने सामानको Warranty period समेत समेट्ने अवधि भएको ग्यारेण्टी भएको) पेश गर्नु पर्नेछ र नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्ने पाइने छैन । यसरी म्यादभित्र सम्झौता गर्न नआएमा नगद वा विडवण्ड जफत गरिनेछ । सम्झौता वमोजिमका सम्पूर्ण कार्य सम्पन्न भए पश्चात उक्त परफरमेन्स वण्ड सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली (शंसोधन सहित) २०६४ अनुसार फुकुवा गरिनेछ ।

**३. प्राप्त हुन आएका कृषि सामग्रीको भुक्तानी प्रकृया निम्नानुसारको हुनेछ-**

३.१ दरभाउपत्रदाताहरुको लागि भुक्तानी रकम सामान बुझाएको विल तथा नेचासल्यान गाउँपालिकाको कार्यालयको स्टोर शाखामा दाखिला भए पश्चात दाखिला रिपोर्टको आधारमा नेचासल्यान गाउँपालिकाको कार्यालय,नेचाविहिबारे, सोलुखुम्बुको आर्थिक प्रशासन शाखाबाट हुनेछ ।

४. शिलबन्दीमा उल्लेखित सामानहरु नेचासल्यान गाउँपालिकाको कार्यालय सोलुखुम्बको स्टोर सम्म ढुवानी गर्दा वाटोमा लाग्ने अन्य जुनसुकै करहरु दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ । कुनैपनि करवापत तिरेको रकमको सोधभर्ना यस कार्यालयबाट भुक्तानी हुनेछैन ⁄ दिइने छैन ।

५. दरभाउपत्र साथ संलग्न शर्तमा उल्लेख भएका कुराहरुको हकमा उल्लेख भए बमोजिम हुने र यसमा नपरेका कुराहरुको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ । साथै यस सम्बन्धी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना पनि यसै दरभाउपत्रको अभिन्न अंग मानिनेछ ।

लबुन राई
प्रमुख प्रशासकीय अधिकृत
२०७८/१२/२०

नेचासल्यान गाउँपालिका
गाउँपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
१ नं. प्रदेश नेपाल

# आर्थिक मूल्यांकनका पक्षहरुको सारांश

१. बैंक जमानत संलग्न भएको/नभएको ? (बैंकको नाम र ठेगाना उल्लेख गर्ने) ९० दिनको भ्यालिडिटि भएको वैंक विडवण्ड भएको ।

.............................................................................................

.............................................................................................

२. दरभाउपत्र फारममा उल्लेख गरेको भुक्तानीको प्रकृया आफुलाई पूर्ण मान्य छ/छैन ?

(उल्लेख गर्ने) ...........................................................................

.............................................................................................

३. दरभाउपत्र फारममा उल्लेख गरेको विडवण्ड तथा परफरमेन्स वण्ड फुकुवा सम्वन्धी प्रकृया आफुलाई पूर्ण मान्य छ/छैन ? (उल्लेख गर्ने)

.............................................................................................

.............................................................................................

माथि उल्लेखित कागजातहरु सिलवन्दी दरभाउपत्र साथ संलग्न राखेको हुनुपर्नेछ ।

## लागत अनुमान

| सि.नं. | सामानको विवरण | स्पेसिफिकेशन | परिमाण | लागत अनुमान |
|---|---|---|---|---|
| १. | कृषि यान्त्रिकरण मिनिटिलर खरिद | Power: 7 HP<br>Fuel: Diesel | १४ | ९,६०,०००।- अक्षरेपी नौ लाख साठी हजार मात्र । |
| २. | कृषि यान्त्रिकरण मिनिटिलर खरिद | Power: 7 HP<br>Fuel: Petrol | १ | |

लबुन राई
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सोलुखुम्बु
१ नं. प्रदेश नेपाल

# सिलबन्दी प्रस्ताव

| सि.नं. | सामानको विवरण | स्पेसिफिकेशन | परिमाण | कबोल रकम (अंकमा) | कबोल रकम (अक्षरमा) | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | कूल जम्मा | | | | | |

फर्म/कम्पनी/सप्लायर्सको नाम र ठेगानाः ...............................

हस्ताक्षरः....................

मितिः...............................

फर्म/कम्पनी/सप्लायर्सका छाँप